# ब.उ.शि.नं. ३७००३१०२ आयुर्वेद सेवा कार्यक्रम

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

नेपालको संविधान २०७२ को भाग ४को धारा ५१(ज) को ७ मा 'नेपालको परम्परागत चिकित्सा पद्दतिको रुपमा रहेको आयुर्वेद, प्राकृतिक चिकित्सा र होमियोप्याथिक लगायतका स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने' भनी प्राथमिकताका साथ उल्लेख गरिएको छ। संविधानका अनुसूचीहरूमा आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न आयामलाई महत्वपुर्ण स्थान दिइएको छ।

सोह्रौं पञ्चवर्षिय योजनाको परिच्छेद ५ को स्वस्थ, शिक्षित र सिपयुक्त मानवपुजि निर्माण अन्तरगत ५.४ रुपान्तरणकारी रणनीति स्वास्थ्य तथा जनसङ्ख्या (५) मा गुणस्तरीय, भरपर्दो तथा एकीकृत स्वास्थ्य प्रणालीको विकास गर्ने अवधारण अनुरुप आयुर्वेद लगायतका चिकित्सा प्रणालीलाई विकास र विस्तार गर्दै स्तरोन्नति गराउने उल्लेख छ। ५.५ प्रमुख कार्यक्रम स्वास्थ्य तथा जनसङ्ख्या (१५) को मानसिक तथा वैकल्पिक स्वास्थ्य सम्बन्धी कार्यक्रममा मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन; नागरिक आरोग्य कार्यक्रमलाई संघ संस्था, सहकारी र समुदायसँगको समन्वयमा वडा तथा समुदायस्तरसम्म विस्तार; **"मेरो स्वास्थ्य- मेरो जिम्मेवारी"** अभियानलाई समुदायस्तरसम्म विस्तार; मनोरञ्जन केन्द्र, योग केन्द्रहरू मार्फत ज्येष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वस्थताको प्रवर्द्धन गर्ने उल्लेख छ।

यस सन्दर्भमा प्रदेश अन्तर्गत आयुर्वेद संस्थाहरूमा सङ्घीय सशर्त अनुदानबाट यस आ.व.मा सञ्चालन हुने देहाय बमोजिमका कार्यक्रमहरूको गुणस्तरीय सञ्चालन, व्यवस्थापकीय पक्षको सुधार तथा कार्यक्रम सञ्चालनमा एकरूपता ल्याउन यो मार्गदर्शन तयार पारिएको छ।

क) स्वास्थ्य निर्देशनालय

**आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा अनुगमन तथा समन्वय।**

| | |
|---|---|
| परिचय | प्रत्येक प्रदेशका स्वास्थ्य निर्देशनालय अन्तर्गतको आयुर्वेद शाखा मार्फत प्रदेशमा सञ्चालन हुने आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा कार्यक्रमको सम्वन्धमा समन्वय तथा सहजीकरणका साथै सञ्चालित कार्यक्रमको अनुगमन तथा समन्वय गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा कार्यक्रम सञ्चालन सम्वन्धमा अनुगमन, समन्वय तथा सहजीकरण समेत गरी सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भएका हुने। |
| सञ्चालन प्रकृया | **सञ्चालन विधिः**<br>• बजेट बाँडफाँड सहितको कार्य योजना तयार गर्ने।<br>• स्वास्थ्य निर्देशनालयलाइ प्राप्त बजेट मध्येबाट प्रदेश स्तरका आयुर्वेद स्वास्थ्य संस्थावाट सञ्चालित कार्यक्रमहरू सञ्चालनमा आवश्यक अनुगमन, मूल्याङ्कन, सहजीकरण तथा समन्वय गर्ने।<br>• लक्षित समूहः प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थाहरू। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

ख) प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरू।

**१. औषधी खरिद**

| | |
|---|---|
| परिचय | गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवम् उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने सेवाग्राहीलाई तोकिएका औषधी निःशुल्क रूपमा निरन्तर उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • निःशुल्क अत्यावश्यक औषधीहरूको उपलव्धता सुनिश्चित गर्ने।<br>• स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुने गरि आवश्यक आयुर्वेद औषधी खरिद गर्ने।<br>• निःशुल्क औषधी सहितको सेवा निरन्तर प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | • अत्यावश्यक औषधी सहितको सेवा नियमित उपलब्ध हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाको विरामी तथ्याङ्क अनुसार आयुर्वेद औषधीको प्राथमिकता एवम् परिमाण निर्धारण गर्ने।<br>• यस शिर्षकबाट निशुल्क वितरण गरिने आयुर्वेद औषधीहरू, पूर्वकर्म (पञ्चकर्म) लगायत कार्यक्रमका लागि औषधी खरिद गर्ने।<br>• औषधी खरिद गर्दा अनुसूची ६ अनुसारका निःशुल्क बितरण गरिने अत्यावश्यक आयुर्वेद औषधीहरूको मिति २०७४।७।२३को स्वीकृत सूची (२३ वटा) अनुसारका औषधी खरिद गर्नु पर्नेछ।<br>• यसरी औषधी खरिद गर्दा WHO-GMP Guideline/National GMP Guideline/औषधी उत्पादन कुशल अभ्यास (दोस्रो सशोधन) संहिता, २०८२ बमोजिम प्रमाणीकरण गरिएको उद्योगबाट उत्पादित औषधीलाई प्राथमिकतामा राखी खरिद गर्ने।<br>• खरिद इकाइ गठन गरी प्राप्त बजेटको परिधी भित्र रहि प्रचलित कानून वमोजिम गर्ने।<br>• औषधी खरिदका लागि लागत अनुमान तयार गर्दा औषधी उत्पादक कम्पनीहरूले यस आ.व.का लागि राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित सूचना अनुसारको थोक मूल्य दरलाईआधार मानि तयार गर्ने।<br>• सम्भव भएसम्म सिंहदरबार वैद्यखाना विकास समितिबाट उत्पादित अत्यावश्यक औषधीहरू खरिद गर्ने।<br>• अनुसूची ७ बमोजिमको गुणस्तर परीक्षण प्रतिवेदन र चूर्ण औषधीहरूको हकमा मान्यता प्राप्त औषधी परीक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र र औषधी दाखिला प्रतिवेदनको छायाँप्रति सहित औषधी दाखिला भएको मितिले १ महिना भित्र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा अनिवार्य रूपमा पठाउनु पर्नेछ।<br>• औषधी खरिद गर्दा गुणस्तर परीक्षण गरी रेकर्ड अद्यावधिक हुनु पर्नेछ।<br>• खरिद गरिने औषधीहरूको ब्याच नं., निर्मित मिति र म्याद समाप्ति मिति स्पष्ट भएको हुनुपर्ने र कम्तिमा १ बर्ष म्याद समाप्ति मिति बाँकी रहेको हुनपर्नेछ।<br>• औषधीको बट्टा/प्याकेजिङ बाहिर अनिवार्य रूपमा स्पष्ट देखिने गरी **"नेपाल सरकारद्वारा निःशुल्क वितरणको लागि"** भनि उल्लेख गरिएको हुनुपर्नेछ। |

| | |
|---|---|
| | • औषधीको गुणस्तर परीक्षण अनुसूची ७ मा तोकिए वमोजिम हुनेछ। खरिद सम्बन्धमा अनुसूची ९ बमोजिमको फाराम भरि अध्यावधिक गर्नुपर्ने छ। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

## २. ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्द्धन सेवा कार्यक्रम

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीहरूको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच तथा प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • ज्येष्ठ नागरिकहरूको शारीरिक जाँच गरी रसायन चिकित्सा र योगको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन र उचित परामर्श दिने। |
| अपेक्षित प्रतिफल | • ज्येष्ठ नागरिकहरूले नियमित रूपमा आवश्यक सेवा एवम् औषधोपचार प्राप्त गर्नेछन्।<br>• योग तथा उपयुक्त आहारविहार अपनाएर जीवनशैली परिवर्तन गरी स्तरीय जीवनयापन गर्न सक्नेछन्।<br>• रसायन औषधीहरूको प्रयोगबाट ज्येष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण र प्रवर्धन भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने ज्येष्ठ नागरिक सेवाग्राहीको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच गर्ने।<br>• आचार रसायन, आहार-विहार, व्यायाम, योग तथा पूर्वपञ्चकर्म विधिको आधारमा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका औषधीहरू बजेट शिर्षकमा व्यवस्था भए बमोजिमको बजेटको परिधि भित्र रहि औषधी खरिद गर्ने।<br>• समुदायमा स्वास्थ्य सेवाबाट बञ्चित, आर्थिक रूपले बिपन्न वर्गका ज्येष्ठ नागरिकहरूका लागि काम गरिरहेका स्थानीय संघ संस्थाहरू, बृद्धाश्रम, योग केन्द्रहरूसँग समेत समन्वय गर्न सकिनेछ।<br>• कार्यक्रमको अभिलेख अनुसूची ३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ।<br>• यस कार्यक्रमको प्रतिवेदन तोकिएको ढांचामा यस विभागमा पठाउनु पर्नेछ।<br>• लक्षित समूहः ज्येष्ठ नागरिकहरू। |
| बजेट बाँडफाँड | रु १,००,०००।- तोकिए बमोजिमका औषधी खरिद गर्ने। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

## ३. स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी तथा अन्य औषधी वितरण कार्यक्रम

| | |
|---|---|
| परिचय | मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन, आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, सुत्केरी महिलालाई शतावरी चूर्ण वितरण गरि पर्याप्त दूध बढाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने।<br>• स्तनपानको महत्वबारे स्तनपायी महिलाहरूलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने।<br>• मातृशिशु मृत्युदर घटाउने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | • शतावरी चूर्ण, दशमूल तेलको समेत प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार हुनेछ।<br>• स्तनपायी महिलाहरू आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित हुनेछन्।<br>• बच्चाको शारीरिक र मानसिक बृद्धि र विकासमा सघाउ पुग्नेछ।<br>• कुपोषणजन्य रोगहरूको रोकथाम हुनेछ।<br>• बाल मृत्युदर घटाउन मद्धत पुग्नेछ। |
| सञ्चालन प्रकृया | • स्वास्थ्य संस्थामा आउने समवन्धित सेवाग्राहीलाइ अनुसूची ४ मा तोकिए बमोजिमको औषधीका साथै दशमूल तेल समावेश गरी नियमित रूपमा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका औषधीहरू बजेट शिर्षकमा व्यवस्था भए बमोजिमको बजेटको परिधि भित्र रहि औषधी खरिद गर्ने।<br>• स्वास्थ्य स्वयंसेविका समेतको समन्वयमा सुत्केरी महिलाको लगत सङ्कलन गर्ने।<br>• शिशु र आमाको नियमित रूपमा स्वास्थ्य जाँच गर्नुपर्नेछ।<br>• आवश्यकतानुसार सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरी (कुरिलो चूर्ण) ६ महिनासम्म खुवाउनु पर्नेछ। तत्काल सुत्केरी भएको अवस्था छ भने आमालाई एक महिनासम्म दशमूल तेलको मालिस प्रयोग गर्न दिनुपर्नेछ।<br>• मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन बर्थिङ सेन्टर, खोपकेन्द्र, पूर्व प्रसूति जाँच गर्ने स्थानहरूसँग समेत समन्वय गर्न सकिनेछ।<br>• कार्यक्रमको अभिलेख अनुसूची ३ वमोजिम अद्यावधिक राख्नु पर्ने छ।<br>• लक्षित समूहः स्तनपायी महिला (बच्चा जन्मेपछि ६ महिना सम्म)। |
| बजेट बाँडफाँड | रु १,००,०००।- तोकिए बमोजिमका औषधी खरिद गर्ने। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

### ४. पञ्चकर्म (पूर्वकर्म) कार्यक्रम

| | |
|---|---|
| परिचय | पूर्वकर्म कार्यक्रमका माध्यमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूको उपचार तथा स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम सञ्चालन गरिएको हो। |
| उद्देश्य | • आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आउने सेवाग्राहीहरूको जाँच गरी पूर्वकर्मको माध्यमबाट आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | • यस सेवाबाट बिरामीहरू तथा सेवाग्राहीहरूको आवश्यक उपचार, स्वास्थ्य संरक्षण, प्रवर्धन र पुनर्स्थापनामा सघाउ पुग्नेछ। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाहरूमा आएका सेवाग्राहीलाई स्वास्थ्य जाँच गरि समस्याको पहिचान गरी आवश्यकता अनुसार पूर्वकर्म सेवाका लागि सिफारिस गर्ने।<br>• पञ्चकर्म अन्तर्गत पूर्वकर्मको रूपमा स्नेहन, स्वेदन, शिरोधारा, कटीवस्ति, ग्रीवा वस्ति, नस्य आदि आवश्यकतानुसार सञ्चालन गर्ने।<br>• स्वेदन कर्मको लागि अनुसूची २ वमोजिम का द्रव्य रोगानुसार प्रयोग गर्ने।<br>• पूर्वपञ्चकर्म कार्यक्रम सञ्चालन भएका आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा प्रयोजनका लागि अनुसूची १ मा तोकिए बमोजिमको फाराम भर्ने।<br>• कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्तिः १ महिला र १ पुरूष गरी जम्मा २ |

| | |
|---|---|
| | जना अभ्यंगकर्तासँग अनुसूची ९ बमोजिमको कार्य विवरण अनुसारका कार्य गर्ने गरि नियमानुसार सेवा करार गर्ने। |
| बजेट बाँडफाँड | जम्मा बजेट रु ५,२०,०००।- मध्येबाट रु ४,८०,०००।- (सेवा करार) र बचत रकम सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्ने। औधीको हकमा औषधी खरिद शिर्षकबाट व्यवस्था गर्ने। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

## ५. नागरिक आरोग्य अभियान तथा समन्वय

| | |
|---|---|
| परिचय | नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिने नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार स्थानीय तहसंगको सहकार्य र आम नागरिकको सहभागितामा नागरिक आरोग्य अभियान तथा समन्वयका लागि यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"को मूल मर्ममा रहि आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरि स्थानीय तहमा स्वस्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य अभियान सञ्चालन, समन्वय तथा सहजीकरण समेत गर्ने। |
| अपेक्षित प्रतिफल | • नागरिकहरू आफ्नो र समुदायको स्वास्थ्य प्रति सचेत भएको हुनेछन।<br>• स्वस्थ जीवनशैली अवलम्वनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्धन भएको हुनेछ।<br>• विभिन्न सर्ने तथा नसर्ने रोगहरू न्यूनीकरण गर्न सघाउ पुग्नेछ।<br>• नागरिकक आरोग्य सेवा केन्द्र स्थापना तथा आयुर्वेद औषधालय र नागरिक आरोग्य सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनमा आवश्यक समन्वय तथा सहजीकरण भै कार्यक्रम सञ्चालनमा प्रभावकारिता आउनेछ। |
| सञ्चालन प्रकृया | • सामूहिक रूपम योग एवम् सकारात्मक जीवनशैली (आयुर्वेद जीवनशैली एवम् स्वस्थकर आहारविहार) सम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने।<br>• नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा आयुर्वेद औषधालय र नागरिक आरोग्य सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने।<br>• लक्षित समूहः- आम सेवाग्राहीहरू। |
| बजेट बाँडफाँड | रु १,००,०००/- (अभियान सञ्चालन तथा समन्वय खर्च) |
| सन्दर्भ सामग्री | नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७६, अन्य निर्देशिका, कार्यविधि, मापदण्ड तथा अन्य प्रचलित ऐन नियम। |

## प्रयोगशाला सञ्चालन (अन्य सेवा शुल्क समेत)

| | |
|---|---|
| परिचय | प्रयोगशाला सञ्चालन भैरहेका जिल्लास्थित संस्थाका लागिआवश्यक स्थायी कर्मचारीको दरवन्दि नभएकाले सेवा करारमा आवश्यक कर्मचारी व्यवस्थापन गरि प्रयोगशाला सेवा सुचारू गर्न यो कार्यक्रम राखिएको छ। |

| | |
|---|---|
| उद्देश्य | • प्रभावकारी एवम् सुलभ निदान तथा उपचार व्यवस्थापनका लागि प्रयोगशाला सेवा सञ्चालन गर्ने। |
| न्यूनतम शैक्षिक योग्यता | • ल्याव टेक्निसियनः मान्यता प्राप्त शैक्षिक संस्थाबाट मे.ल्या.टे. विषयमा प्रविणता प्रमाणपत्र तह (सि.एम.एल.टी.) उतिर्ण गरि नेपाल स्वास्थ्य व्यवसायी परिषदमा B Class निदान समूहमा दर्ता भएको हुनु पर्ने। |
| अपेक्षित प्रतिफल | • प्रभावकारी रोग निदानको माध्यमबाट सेवा प्रभावकारिता अभिबृद्धि भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • रोग निदानको लागि नियमितरुपमा प्रयोगशाला परीक्षणको व्यवस्था मिलाउने।<br>• विद्यमान प्रशासनिक, आर्थिक ऐन तथा नियमावली अनुसारको प्रकृया अपनाइ यस आ.व.को लागि सेवा करारमा लिइने पदको कार्य विवरण तयार गर्ने।<br>• विषयगत कार्यमा कम्तिमा १ वर्षको अनुभव भएका व्यक्तिलाई प्राथमिकता दिने<br>• सेवा करार सम्झौता भएका कर्मचारीको नियमित मूल्याङ्कन र अनुगमन गर्ने। |
| बजेट बाँडफाँड | ४,१७,०००।- जनशक्ति पारिश्रमिक बजेट विनियोजन भए बमोजिम। जनशक्ति व्यवस्थापनका लागि प्रदेशबाट बजेट सुनिश्चितता भएको खण्डमा प्रयोगशाला पूर्वाधार, सामग्री लगायतमा खर्च गर्न सकिने। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

**७. स्वर्णविन्दू प्राषण कार्यक्रम**

| | |
|---|---|
| परिचय | स्वर्ण भष्मलाई घ्यु र महमा मिसाएर लेहमा परिणत गरि थोपा अंशको रूपमा सेवन गराइने विधि हो। पौराणीक कालदेखि पूर्वीय दर्शनमा संस्कारका रूपमा रहेको र आयुर्वेद का विभिन्न संहिताहरूमा उल्लेख भएको स्वर्ण प्राषणबाट बालवालिकामा व्याधी प्रतिरोधक क्षमताको वृद्धि गरि सर्ने तथा नसर्ने विभिन्न रोगहरूबाट जोगाउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | • परम्परागत विधिबाट वालवालिकाको व्याधी प्रतिरोधक क्षमता वृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • वालवालिकमा रोग प्रतिरोधी क्षमतामा वृद्धि भै प्रभावकारी रूपमा वालवालिकाको समग्र स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ। |
| सञ्चालन प्रकृया | • सञ्चालन गर्ने निकायः तोकीएका आयुर्वेद स्वास्थ्य संस्थाहरू (आयुर्वेद अस्पताल /चिकित्सालयहरू)<br>• स्वीकृत स्वर्ण प्राषणको लागि मानक सञ्चालन प्रकृया (Standard Operating Procedure) बमोजिम सावधानी अपनाइ तयारी प्रकृया/विधि अनुसार कार्यक्रम सञ्चालन गर्ने।<br>• SOP/मार्गदर्शन पालनाको अनुगमन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले गर्ने। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यविधि, स्वीकृत SOP/निर्देशिका, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम। |

## ग) आयुर्वेद चिकित्सालयहरूका लागि सेवा सञ्चालन तथा सुदृढीकरण खर्च

| | |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट सेवा विस्तार तथा गुणस्तरीय आयुर्वेद स्वास्थ्य सेवा प्रवाहका लागि यो आयुर्वेद सेवा कार्यक्रम राखिएको हो। यसमा निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी प्रदान गरिने शर्त सहितको चालु अनुदान वापतको रकम समावेश गरिएको छ। |
| उद्देश्य | • आयुर्वेद चिकित्सालयको सेवा विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा प्रभावकारिता अभिबृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | • आयुर्वेद चिकित्सालयको सेवा विस्तार तथा सेवा प्रवाह व्यवस्थित भै सेवाग्राहिहरूले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन्। |
| सञ्चालन प्रकृया | • साउन महिना भित्र चिकित्सालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यकता पहिचान गर्ने।<br>• आवश्यकता पहिचान पश्चात भाद्र महिना भित्र अस्पताल सुदृढीकरण खर्च सम्बन्धी बजेट बाँडफाँडको कार्ययोजना आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसंग समन्वय गरी गर्ने।<br>• स्वीकृत कार्यक्रम तथा बजेट बाँडफाँड कार्ययोजना बमोजिम प्रचलित ऐन नियमको परिधी भित्र रहि बजेट कार्यान्वयन गर्ने।<br>• बजेट कार्यान्वयन सम्बन्धी त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्य रूपमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागमा पठाउने।<br>• कार्यक्रमको अनुगमन मन्त्रालय तथा विभागबाट हुनेछ। |
| अभिलेख प्रतिवेदन | चिकित्सालयहरूवाट प्रदान गरिएको सेवा सम्वन्धी तथ्याङ्क नियमित रूपमा तोकिएको प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ। |
| सन्दर्भ सामग्री | मार्गदर्शन, कार्यक्रम कार्यान्वयन कार्ययोजना, मापदण्ड तथा अन्य प्रचलित ऐन नियम। |
| चिकित्सालयहरू | प्रादेशिक आयुर्वेद चिकित्सालय कैलाली, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, कर्णाली प्रदेश, प्रादेशिक आयुर्वेद चिकित्सालय विजौरी, लुम्विनी अञ्चल आयुर्वेद औषधालय (लुम्विनी आयुर्वेद चिकित्सालय, रूपन्देही), गण्डकी अञ्चल आयुर्वेद औषधालय (गण्डकी आयुर्वेद अस्पताल) कास्की, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, कपिलवस्तु (कपिलवस्तु आयुर्वेद स्वास्थ्य केन्द्र), जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र (आयुर्वेद तथा वैकल्पिक चिकित्सालय) नुवाकोट, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रत्ननगर, चितवन, प्रदेश आयुर्वेद चिकित्सालय, तनहुँ, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र (आयुर्वेद तथा वैकल्पिक चिकित्सालय), सर्लाही, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र (आयुर्वेद तथा वैकल्पिक चिकित्सालय), पर्सा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा लगायत बजेट बिनियोजन भएका संस्थाहरू) |

***नोटः यस मार्गदर्शन कार्यान्विनमा कुनै दुविधा/अस्पष्टता भएमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले थप स्पष्टता/सहजीकरण गर्नेछ।***

## अनुसूची -१
## पञ्चकर्म (पूर्वकर्म) सेवा सम्बन्धी फाराम

१. नाम, थरः

२. उमेरः

३. लिङ्गः

४. ठेगानाः महा/उप/नगरपालिका/गाउपालिका वडा नं.

५. पेशाः

६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः

७. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)
(क) मूल दर्ता नं.
(ख) सहायक रजिस्टर दर्ता नं.

८. सेवाः पूर्वकर्म (स्नेहन र स्वेदन), शिरोधारा, प्रतिमर्स नश्य कर्म तथा अन्य सेवाहरू।

## अनुसूची -२
## स्वेदन कर्मको लागि आवश्यक द्रव्यहरू

प्रायशः पातहरूको प्रयोग गरिन्छ र फल, बोक्रा, जरा वा काण्डको पनि प्रयोग गर्न सकिन्छ।

| | | | | |
|---|---|---|---|---|
| सिमली (निर्गुण्डी) | पुनर्नवा | गहत | दशमूल | बृहत पंचमूल |
| लघुपञ्चमूल | गुर्जो | तण्डुल (चामल) | शीतल चिनी (शिग्रु) | तितेपाती |
| बरुण (सिप्लिगान) | एरण्ड | अर्क (आँक) | तिल | सिस्नु आदि |

## अनुसूची ३

## निःशुल्क विशेष स्वास्थ्य सेवाको प्रयोजनको लागि भरिने फाराम

१. नाम, थरः

२. उमेरः

३. लिङ्गः

४. ठेगानाः महा/उप/नगर/गाउंपालिका वडा नं.

५. पेशाः

६. सम्बन्धित बिरामी वा अभिभावकको दस्तखतः

७. सेवाको किसिमः

(क)ज्येष्ठ नागरिक (ख) स्तनपायी आमा

८. कार्यालय प्रयोजनको लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)

(क) मूल दर्ता नं. (ख) सहायक रजिस्टर दर्ता नं.

| सि.नं. | मिति | सेवाको किसिम | औषधीको नाम | फायल | ग्रा./मि.ग्रा | पुनरावृति मिति | बिरामीको दस्तखत | दस्तखत(औषधी वितरण शाखा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

<u>सिफारिश गर्ने</u>
(उपचारमा संलग्न स्वास्थ्यकर्मी)
नामः
पदः
दस्तखतः

<u>स्वीकृत गर्ने</u>
संस्था प्रमुख
नामः
पदः
दस्तखतः

## अनुसूची ४
## स्तनपायी आमाका लागि औषधी

| क्र.सं. | औषधीको नाम | प्रयोग | मात्रा | प्रयोग विधि | प्रयोग अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शतावरी (कुरिलो) चूर्ण | स्तन्य वर्द्धक<br>पोषक<br>रोग प्रतिरोध शक्ति वर्द्धक | चूर्ण ३-६ ग्राम<br>स्वरस १०-२० मि.लि.<br>क्वाथः ५०-१०० मि.लि | रस निकालेर, चूर्ण (Powder) बनाएर अथवा पकाएर क्वाथको रूपमा | आवश्यकता अनुसार सुत्केरी भएको ६ महिनासम्म | |

## अनुसूची ५
## पूर्वकर्म (स्नेहन, स्वेदन), शिरोधारा, पञ्चकर्म सञ्चालन गर्ने अभ्यङ्गकर्ता

अभ्यङ्गकर्ताः

१. महिला/पुरुष

२. कम्तिमा ३ महिनाको तालिम प्राप्त।

३. तालिम दिने निकायः मान्यता प्राप्त शिक्षण संस्था/आयुर्वेद चिकित्सकको निगरानीमा आयुर्वेद संस्था।

४. कम्तीमा ८ कक्षा उत्तीर्ण हुन पर्ने।

५. स्थानीयलाइ प्राथमिकता दिने।

६. उमेरः १८ देखि ४५ वर्षसम्म

कार्य विवरण

- पूर्वकर्मका लागि आवश्यक सामग्रीहरू तयार गर्ने।
- चिकित्सक/प्राविधिकको निगरानीमा आयुर्वेद स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरूलाई अभ्यङ्ग (तेल मालिश), स्वेदन, शिरोधारा लगायतका कामहरू गर्ने।
- अभ्यङ्ग स्वेदन र शिरोधारा कक्षको आवश्यक सरसफाई गर्ने।
- अभ्यङ्ग लगायत सेवा प्रदान गरेको विवरणका साथै प्रतिवेदन तयार गर्न सहयोग गर्ने

## अनुसूची -६
## निःशुल्क प्रदान गरिने अत्यावश्यक आयुर्वेद औषधीको सूची

१. निम्नानुसारका औषधीहरू निरन्तर रुपमा प्राप्त हुने व्यवस्था मिलाउनु पर्नेछ।

| क्र.सं. | औषधीको नाम | क्र.सं. | औषधीको नाम |
|---|---|---|---|
| १. | अविपत्तिकर चूर्ण | १३. | खदिरादि वटी |
| २. | हिंग्वाष्टक चूर्ण | १४. | षडविन्दु तेल |
| ३. | महायोगराज गुग्गुल | १५. | योगराज गुग्गुल |
| ४. | महानारायण तैल | १६. | महाशुदर्शन चूर्ण |
| ५. | सितोपलादि चूर्ण | १७. | महाशंख वटी |
| ६. | टंकण भस्म | १८. | विल्वादि चूर्ण |
| ७. | पुष्यानुग चूर्ण | १९. | जात्यादि तेल |
| ८. | बालामृत | २०. | कैशोर गुग्गुल |
| ९. | मृगमदासाव | २१. | चन्द्रप्रभावटी |
| १०. | सर्पगन्धाघन वटी | २२. | त्रिफला, |
| ११. | निम्बादि चूर्ण | २३. | अश्वगन्धा चूर्ण |
| १२. | गन्धक रसायन | | |

२. **औषधी व्यवस्थापन**

औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद एकाइ गठन गरि प्रचलित आर्थिक ऐन नियम बमाजिम गर्नुपर्ने छ।

क) बिनियोजित बजेटबाट ऐन नियमको परिधि भित्र रही तोकिएका औषधीहरू खरिद गर्नुपर्ने छ।

ख) औषधीको खर्चः औषधीको आम्दानी खर्चको अभिलेख छुट्टा छुट्टै सहायक जिन्सी खाता खडा गरी खर्च व्यवस्थापन गर्नुपर्ने छ। यसरी राखिएको अभिलेख भण्डारको अभिलेख र उपचार रजिस्टरको अभिलेखसँग भिडेको हुनुपर्ने छ।

# अनुसूची ७
## औषधी गुणस्तर सम्बन्धी व्यवस्था

सम्बन्धित निकायबाट हालसालै नविकरण गरी अद्यावधिक भएको उत्पादन अनुज्ञापत्र तथा बजार बिक्री बितरण प्रमाणपत्र संलग्न हुनुपर्ने। गुणस्तर परीक्षणका लागि कार्यालय प्रमुख, कम्तिमा BAMS वा सो सरहको अध्ययन गरि नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका चिकित्सक र एक जना आयुर्वेद विषयको प्राविधिक रहने गरि गुणस्तर परीक्षण समिति गठन गरि परीक्षण गराउने।

क) चूर्ण औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

| क्र.स | औषधीको नाम | तौल | रूप/वर्ण | स्पर्श | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रत्येक व्याचको स्वीकृति प्राप्त औषधी परीक्षण प्रयोगशालाबाट Microbial Test पूरा गरेको (Comply) प्रमाणपत्र संलग्न हुनु पर्ने।

(ख) गुग्गुल/वटी औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

| क्र.स. | औषधीको नाम | तौल | | रूप/वर्ण | स्पर्श (Hardness) | एकाई तौल (Fineness) | रस | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रति वटि | प्रति बट्टा | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(ग) भष्म /पिष्टी औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

| क्र.स. | औषधीको नाम | तौल | स्वरूप (form) | रूप/वर्ण (colour) | रेखापूर्णता | वारितर | निश्चन्द्रिका | रस | गन्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(घ) मलहम एवम् तैल औषधीहरूको निम्नानुसार परीक्षण व्यवस्था गर्नेः

| क्र.स. | औषधीको नाम | तौल | रूप/वर्ण (colour) | स्पर्श (smoothness) | सान्द्रता | गन्ध | एकरूपता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ८

## अत्यावश्यक आयुर्वेद औषधी तथा अन्य खरिद र जिन्सी अध्यावधिक गर्दा भर्नुपर्ने खपत विवरण फाराम

| क्र.स. | औषधीको नाम | औषधीको मासिक खर्च विवरण | | औषधी हस्तान्तरण गरेको संस्थाको सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | परिमाण | इकाइ | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ९
## औषधीको मौज्दात विवरण फाराम

| क्र.सं. | औषधीको नाम | औषधी प्राप्तिको श्रोत/कार्यक्रम | | | | | | | | औषधीको जम्मा परिमाण | इकाई तौल खुल्ने गरी के.जी /ग्राम/फाईल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत आ.व.को बाँकी मौज्दात | आयुर्वेद विभागबाट प्राप्त | अत्यावश्यक आयुर्वेद औषधी खरिद | अन्यबाट औषधी खरिद/प्राप्त | ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन सेवा | स्तनपायी आमा तथा शिशु सेवा | पञ्चकर्म (पूर्व कर्म) को लागि औषधी खरिद | दातृ निकायबाट प्राप्त औषधी | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |